# ठोरी गाउँपालिका स्वस्थ्य सेवा नियमावली, २०७९

कार्यपालिकाबाट पारित मिति:- २०७९/०३/२९

गाउँपालिका अध्यक्षज्यू बाट प्रमाणित मिति :- २०७९/०३/३०

ठोरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

घ्याङ्गडाँडा, पर्सा

मधेश प्रदेश, नेपाल

CS CamScanner

# ठोरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घ्याङ्गडाँडा, पर्सा
## मधेश प्रदेश, नेपाल

### ठोरी गाउँपालिका स्वास्थ्य सेवा नियमावली, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३५ ले नागरिकलाई सुनिश्चित गरेको स्वास्थ्य सम्बन्धी हक कायम गराउदै अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज बाट ठोरी गाउँपालिकाले पाएको अधिकार प्रयोग गरी गाउँपालिकाको कार्यक्षेत्र भित्रको स्वास्थ्य सेवाको गुणस्तरीयता एवं सेवामा सबैको पहुँच कायम गर्न स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल स्वास्थ्य सेवाको विकास तथा विस्तारका लागि ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ को भावना अनुरुप कार्य गर्न/गराउन स्वास्थ्य सेवा नियमावलीका आवश्यकता भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ठोरी गाउँपालिकाको कार्यपालिकाको बैठकले **ठोरी गाउँपालिका स्वास्थ्य सेवा नियमावली, २०७९** पारित गरी जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस नियमावलीको नाम "ठोरी गाउँपालिका स्वास्थ्य सेवा नियमावली २०७९" रहेको छ ।

(२) यो नियमावली ठोरी गाउँपालिका भर लागु हुनेछ ।

(३) यो नियमावली कार्यपालिकाबाट पारित भएर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) "गाउँपालिका" भन्नाले ठोरी गाउँपालिका सम्झनुपर्छ ।

(२) "गाउँ सभा" भन्नाले ठोरी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले ठोरी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(४) "अध्यक्ष" भन्नाले ठोरी गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(५) "उपाध्यक्ष" भन्नाले ठोरी गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

(६) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले ठोरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(७) "वडा अध्यक्ष" भन्नाले ठोरी गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(८) "कार्यपालिका सदस्य" भन्नाले ठोरी गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष समेतलाई वुझाउँछ ।

(९) "वडा समिति" भन्नाले ठोरी गाउँपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ ।

(१०) "शाखा" भन्नाले ठोरी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको स्वस्थ्य शाखा वा उपशाखा वा इकाई सम्झनुपर्छ । सो शव्दले अन्य शाखा, उपशाखा, इकाईहरुलाई समेत जनाउँछ ।

(११) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिकाबाट सञ्चालित र नीजि तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनुपर्छ । सो शब्दले गाउँपालिकाको क्षेत्रभित्र स्वास्थ्य उपचारको लागि खोलिएका शुल्क लिने र नलिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकी, क्लिनिक, नर्सिङ्गहोम, वैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र, डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) समेतलाई वुझाउछ ।

(१२) "स्वास्थ्य सेवा व्यवसाय" भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसारपसार, भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने गाउँपालिकाबाट सञ्चालित वा नीजि तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा व्यवसाय सम्झनुपर्छ ।

(१३) "गुठी" भन्नाले स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(१४) "स्वास्थ्य सेवा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन नियम बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वास्थ्य शाखा प्रमुख वा स्वास्थ्य संयोजक कर्मचारी सम्झनुपर्छ ।

(१५) "कर्मचारी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारीलाई सम्झनुपर्छ । सो शब्दले गाउँपालिका र मातहतमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ ।

(१६) "सामुदायिक स्वास्थ्य संस्था" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त र ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ जारी भएपछि ठोरी गाउँपालिकाबाट अनुमति वा स्वीकृती प्राप्त सामुदायिक स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यारसाडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(१७) "अनुमति" भन्नाले संघीय वा प्रदेश सरकार वा गाउँपालिकाले स्थायी स्वीकृती प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्न दिइएको अस्थायी स्वीकृतीलाई सम्झनुपर्छ ।

(१८) "स्वीकृती" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायलाई संघीय वा प्रदेश सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतीलाई सम्झनुपर्छ ।

(१९) "स्वास्थ्य सेवा समन्वय समिति" भन्नाले ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ अनुसार गठन गरेको यस नियमावलीको नियम १६ अनुसारको स्वास्थ्य सेवा समन्वय समिति सम्झनुपर्छ ।

(२०) "संञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ र यस नियमावलीको नियम १९ को उपनियम (१) बमोजिमको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२१) "सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको कर्मचारी नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ ।

(२२) "मन्त्रालय" भन्नाले स्वास्थ्य सेवा हेर्ने मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्छ ।

(२३) "ऐन" भन्नाले ठोरी गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनुपर्छ । सो शब्दले संघीय एवं प्रदेश स्वास्थ्य सेवा ऐन तथा प्रचलित अन्य ऐनलाई समेत बुझाउँछ ।

(२४) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद -२

## स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्वीकृती सम्बन्धी व्यवस्था

**३. स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :**

कोही कसैले ऐनको दफा ३ (१) अनुसारको स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई अनुसूची -१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**४. स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधार :**

स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्नको लागि संघीय कानूनमा तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनुपर्नेछ ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७५



CamScanner

## ५. स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्न अनुमति दिने :

(१) नियम ३ बमोजिम स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्ने अनुमतिको लागि निवेदन परेमा स्वास्थ्य शाखाबाट निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) अनुसार जाँचबुझ गर्दा प्रस्तावित स्वास्थ्य संस्थाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आफ्नो राय सहितको प्रतिवेदन स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य सेवा समन्वय समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) अनुसारको प्रतिवेदनमा अनुमति माग गरिएको स्वास्थ्य संस्था सार्वजनिक, सामुदायिक वा व्यावसायिक कुन स्वरुपमा सञ्चालन गर्न अनुमति माग गरिएको हो सो सम्बन्धमा प्रष्ट उल्लेख हुनुपर्नेछ ।

(४) पेश भएको प्रतिवेदनका आधारमा स्वास्थ्य सेवा समन्वय समितिको बैठकले स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्ने अनुमति दिनु उपयूक्त ठानेमा अनुमति दिन सिफारिस गर्ने निर्णय गर्नेछ ।

(५) गाउँपालिका अध्यक्षको अनुमतीमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य सेवा समन्वय समितिको सिफारिस सहितको प्रस्ताव कार्यपालिका बैठकमा पेश गर्नेछ । यसरी पेश भएको प्रस्ताव उपयुक्त लागेमा कार्यपालिका बैठकले स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्न अनुमति दिन सक्नेछ ।

(६) कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि -२ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(७) अन्यत्र जुन सुकै कुरा लेखिएतापनि सामान्य प्रकारको प्राथमिक उपचारका लागि क्लिनिक सञ्चालन, साधारण प्रकृतीको औषधी पसल सञ्चालन जस्ता स्वस्थ्य संस्था वा स्वास्थ्य सेवा ब्यवसाय सञ्चालनका लागि तोकिएको मापदण्ड र प्रकृया पुरा गरी दर्ताका लागि पेश भएमा स्थलगत निरिक्षण गराई गाउँपालिका अध्यक्ष स्तरिय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले व्यवसाय दर्ता कार्यविधि अनुसार दर्ता गरी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

## ६. स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायको स्वीकृती प्रदान गर्ने :

(१) नियम ५ को उपनियम (६) बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थाले स्वीकृतीको लागि अनुसूची -३ बमोजिमको ढाँचामा ठोरी गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा स्वास्थ्य शाखा मार्फत त्यस्तो स्वास्थ्य संस्थाको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि नियम ७ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा स्वास्थ्य सेवा समन्वय समितिको निर्णयको आधारमा कार्यपालिकाले आफ्नो निर्णय सहित गाउँ सभा समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रस्ताव गाउँ सभाबाट स्वीकृत भएमा गाउँपालिकाले संघीय कानूनमा तोकिए बमोजिमको शर्त तथा बन्देज को अधिनमा रही त्यस्तो स्वास्थ्य संस्था वा स्वस्थ्य सेवा व्यवसायलाई अनुसूची -४ बमोजिमको ढाँचामा स्वीकृती प्रदान गर्नेछ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्यारडाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## ७. मुनाफा नलिने स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी व्यवस्थाः

(१) सघीय कानूनको मापदण्ड बमोजिम सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो स्वास्थ्य संस्थाको अनुमति, स्वीकृती र सेवा थप एवं विस्तार सम्बन्धी व्यवस्था नियम ३, ४,५ र ६ मा उल्लेख भए बमोजिम नै हुनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने स्वास्थ्य संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

## ८. विदेशी संस्थासँग सम्बन्धन गरी स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्वीकृती :

विदेशी संस्थासँग सम्बन्धन गरी स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्ने अनुमति वा स्वीकृती लिन यस नियमावलीमा तोकिए वमोजिमको प्रकृया सहित नेपाल सरकारको पूर्व स्वीकृती लिनुपर्नेछ । नेपाल सरकारको पूर्व स्वीकृतीका आधारमा गाउँपालिकाले त्यस्तो स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्ने अनुमति वा स्विकृती दिनेछ ।

## ९. यस अघि दर्ता भएका स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय अनुमती वा स्वीकृती व्यवस्था :

(१) यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरु यसै नियमावली वमोजिम सञ्चालन भएका मानिनेछ । तर यस अघि नै संघ, प्रदेश तथा गाउँपालिकाले स्थापना एवं सञ्चालन गरेका बाहेक अन्य स्वास्थ्य संस्थाले गाउँपालिकाले तोकेको ढाँचामा विवरण र कागजात पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) वमोजिम विवरण प्राप्त भए पछि स्वास्थ्य शाखाले यस नियमावली वमोजिम सञ्चालन गर्न सकिने वा नसकिने वा सुधार सहित सकिने भए गर्नु पर्ने सुधारको खाका एवं शर्त सहित स्वास्थ्य सेवा समन्वय समिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन समेतको आधारमा स्वास्थ्य सेवा समन्वय समितिले गरेको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले सञ्चालन अनुमती वा स्वीकृती दिनु पर्ने भए सोही वमोजिम, नसकिने भए सो को जानकारी तथा शर्त सहित सञ्चालन गर्न पर्ने भए शर्त पुरा गराई अनुमती वा स्वीकृती पत्र दिनेछ ।

## १०. अनुमती तथा स्वीकृतीको लागि शूल्क :

निजी वा व्यावसायिक स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय खोल्ने अनुमति लिँदा र स्वीकृती लिँदा लाग्ने अनुमती वा स्वीकृत शुल्क गाउँ सभाबाट तोकिए बमोजिम लाग्नेछ ।

ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्यारसौंडा, पर्सा, मधेश प्रदेश, नेपाल, २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

११. **स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) सञ्चालनमा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायहरूले गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएमा बन्द गर्न वा नाम परिवर्तन गर्न परेमा उपयुक्त कारण सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) अनुसारको निवेदन उपर छानविन गरी उपयुक्त देखिए गाउँ स्वास्थ्य सेवा समन्वय समितिले एक ठाउँबाट अर्को ठाउँमा सार्न वा बन्द गर्न वा नाम परिवर्तन गर्न अनुमती दिन सक्नेछ।

(३) उपनियम (२) अनुसार निर्णय भएमा स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायहरू एक ठाउँबाट अर्को ठाउँमा सार्न वा बन्द गर्न वा नाम परिवर्तन गर्न सक्नेछ।

१२. **अनुमती वा स्वीकृती रद्ध गर्ने:**

कुनै स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायले ऐन वा यस नियमावली विपरीतका काम गरेमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई प्रदान गरेको अनुमति वा स्वीकृती रद्ध गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृती रद्ध गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ।

## परिच्छेद -३

## कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, स्वस्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार

१३. **कार्यपालिकाको काम, कर्तव्य र अधिकार :**

प्रचलित ऐन नियम तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्वास्थ्य सेवा समन्वय समिति, प्रमुख प्रशासकिय अधिकृत तथा स्वास्थ्य संयोजक/स्वास्थ्य शाखा प्रमुखलाई आवश्यक निर्देशन दिने,

(२) योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्ने/गराउने,

(३) कर्मचारी प्रशासन व्यवस्थापन, सेवा विकास र विस्तार सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(४) गाउँपालिका भित्रका सबै किसिमका स्वास्थ्य संस्थाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने,

(५) स्वास्थ्य संस्थामा सेवा सर्वसुलभ तथा गुणस्तर सुनिश्चित गराउन वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने/गराउने,

(६) स्वास्थ्य सेवासंग सम्बन्धित आवश्यक कानून निर्माणको लागि गाउँ सभामा पेश गर्ने।

(७) यस नियममा अन्यत्र जुन सुकै कुरा लेखिएता पनि नीजि वा गैर सरकारी, वा व्यावसायिक स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसायको हकमा त्यस्ता संस्थाले पालना गर्नु पर्ने



लाल बहादुर
अध्यक्ष

मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गकालाई दिईने निःशुल्क सेवा र सहयोग, कर्मचारीहरुको सेवा, शर्त एवं पारिश्रमीक जस्ता विषयमा निर्णय गर्दा प्रचलित कानूनको अधिनमा रही सरोकारवालाहरुको सहभागिता एवं राय परामर्श लिई कार्यपालिकाले निर्णय गर्नेछ ।

**१४. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :**

प्रचलित ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) ठोरी गाउँपालिकाको कार्य सम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका स्वास्थ्य सेवा सम्बन्धि कार्य गर्ने,

(२) सेवा प्रवाहमा समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(३) कार्यपालिकाले प्रत्यायोजन गरेका स्वास्थ्य सेवा सम्बन्धि कार्य गर्ने/गराउने,

(४) गाउँपालिकामा कार्य उपलब्धिका लागि स्वास्थ्य संयोजकसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने,

(५) स्वास्थ्य सेवा सम्बन्धी कुनै प्रस्ताव स्वास्थ्य सेवा समन्वय समिति वा कार्यपालिकामा पेश गर्नु पर्ने भए गाउँपालिका अध्यक्षको अनुमतीमा पेश गर्ने,

(६) मातहतका स्वस्थ्य संस्थाका कर्मचारीहरुको विदा, काज स्विकृत कामको रेखदेख, दण्ड पुरस्करको व्यवस्था गर्ने/गराउने,

(७) आफुमा रहेको अधिकार कानून बमोजिम प्रत्यायोजन गर्ने ।

(८) गाउँपालिका अध्यक्षको नीतिगत निर्देशन, गाउँ सभा तथा कार्यपालिकाले दिएको जिम्मेवारी पुरा गर्ने/गराउने ।

**१५. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको काम कर्तव्य अधिकार :**

गाउँपालिकामा स्वास्थ्य शाखा हेर्ने एकजना स्वास्थ्य संयोजक वा स्वास्थ्य शाखा प्रमुख हुनेछ । स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछ ।

(१) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(२) कार्यपालिका तथा गाउँ सभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न, गराउन कृयाशिल रहने ।

(३) गाउँपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(४) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने/गराउने,

(५) स्वास्थ्य सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलब्ध स्रोतको प्रथोचित बाँडफाँड गर्ने/गराउने,

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(६) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना बनाई पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने/ गराउने,

(७) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विदाहरू स्वीकृत गराउने,

(९) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, सञ्चालन तथा व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१०) गाउँपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने/गराउने;

(११) स्वास्थ्य सेवासंग सम्बन्धित तथा आफ्नो पदीय कार्य गर्दा कार्यपालिका, गाउँ सभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने ।

## परिच्छेद -४

## स्वास्थ्य सेवा समन्वय समिति गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

### १६. स्वास्थ्य सेवा समन्वय समिति गठनः

ठोरी गाउँपालिकाको क्षेत्रभित्र गाउँपालिकाले सञ्चालन गर्ने तथा सामुदायिक, गुठी एवं निजि सञ्चालन हुने सम्पूर्ण स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवसायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि ठोरी गाउँपालिकाका स्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेख भएको देहाय बमोजिमको स्वास्थ्य सेवा समन्वय समिति रहनेछः

(१) गाउँपालिकाको अध्यक्ष — संयोजक

(२) कार्यपालिकाकाले आफुमध्यबाट तोकेको कम्तीमा १ महिला सहित २ जना — सदस्य

(३) गाउँ सभा सदस्यबाट अध्यक्षल तोकेको १ महिला सहित २ जना — सदस्य

(४) स्वास्थ्य प्राविधिक मध्ये वरिष्ठ प्रविधिक १ जना — सदस्य

(५) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

### १७. स्वास्थ्य सेवा समन्वय समितिको बैठक सम्बन्धी ब्यबस्था :

(१) नियम १६ को उपनियम (२) र उपनियम (३) का सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(२) स्वास्थ्य सेवा समन्वय समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) बैठक सञ्चालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ । बैठकको निर्णय सम्भव भएसम्म सर्बसम्मतको आधारमा हुनेछ । सर्बसम्मत हुन नसके अध्यक्ष सहित वहुमतको आधारमा हुनेछ ।

(४) स्वास्थ्य सेवा समन्वय समितिले पुर्णता नपाएको कारणले समितिले गर्ने निर्णय तथा तोकिए बमोजिमका कार्यहरु गर्न गराउन वाधा परेको मानिने छैन ।

(५) स्वास्थ्य सेवा समन्वय समितिको वैठकभत्ता गाउँपालिकाको प्रचलित नियम वमोजिम हुनेछ तर एक आर्थिक वर्षमा वढीमा ६ वटा भन्दा वढी वैठकको भत्ता उपलब्ध गराईने छैन ।

ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ध्याप्रडाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७८

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

(६) बैठक सञ्चालन विधि प्रकृया समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

## १८. स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य

स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार अन्यत्र लेखिएको सहित देहाय बमोजिम हुनेछः

(१) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विस्तार र विकासको योजना तयार गर्ने,

(२) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनका लागि अनुमति, स्वीकृती, स्वास्थ्य संस्था सार्ने, गाभ्ने सम्बन्धी निर्णय दिने,

(३) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवसायलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउन आवश्यक कार्यहरु गर्ने,

(५) गाउँपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यवसाय र स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(७) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(८) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(९) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने/गराउने,

(१०) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने,

(११) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने,

(१२) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्वीकृती दिने,

(१३) गुनासा, उजुरी, सुन्ने, सम्वोधन गर्ने,

(१४) अन्य तोकिए वमोजिमका कार्यहरू गर्ने,

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याङ्डाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष



CamScanner

## परिच्छेद -५

## स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**१९. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) गाउँपालिकाको स्वास्थ्य संस्थाको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक स्वास्थ्य संस्थामा ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ परिच्छेद -४ मा उल्लेख भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) समिति पदाधिकारी सदस्य संख्या, प्रतिनिधित्व, गठन विधि, ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ मा व्यवस्था भए अनुसार हुनेछ।

(३) कुनैव्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन। तर पदेनको हकमा यो लागु हुनेछैन।

**२०. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्यत्र तोकिएको सहित देहाय बमोजिम हुनेछः

(१) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनको लागि श्रोत साधनको पहिचान संकलन तथा प्राप्त सोधन र स्रोतको परिचालन गर्ने,

(२) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(३) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(४) गाउँपालिकाको नीति निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गराउने,

(५) संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले जारी गरेका र प्रचलित कानून वमोजिम तोकिए अनुसार एवं कार्यपालिका र स्वास्थ्य सेवा समन्वय समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(६) स्वास्थ्य संस्थामा सबैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(७) दिइएको सेवा र गुणस्तर वारे सार्वजनिक परिक्षण गराउने तथा सोको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन स्वास्थ्य सेवा समन्वय समितिमा पेश गर्ने,

**२१. संञ्चालन तथा व्यवस्थापन समितिको बैठकः**

(१) संञ्चालन तथा व्यवस्थापन समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ।

(२) संञ्चालन तथा व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संञ्चालन तथा व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा संञ्चालन तथा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि संञ्चालन तथा व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, एकरी घ्याङ्डाँडा, मधेश प्रदेश, नेपाल २०७८

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

(४) संञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया ४८ घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) संञ्चालन तथा व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा संञ्चालन तथा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) संञ्चालन तथा व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(७) संञ्चालन तथा व्यवस्थापन समितिको निर्णय सम्भव भएसम्म सर्वसम्मत हुनेछ । सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितिको बहुमतको निर्णय मान्य हुनेछ ।

(८) संञ्चालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. स्वास्थ्य संस्था सञ्चालन कार्यविधिः**

(१) ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ तथा यस नियमावलीको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि पारित गरी स्विकृतीको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार पेश भएको कार्यविधि स्वास्थ्य सेवा समन्वय समितिबाट स्विकृत भएर लागु हुनेछ ।

(३) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु सम्वद्ध सबैको कर्तव्य हुनेछ ।

**२३. निजि, गैर सरकारी, सामुदायीक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले पालना गर्नुपर्ने :**

(१) कुनैपनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन अनुमति/स्वीकृती लिएर मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) अनुमती/स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(३) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा गाउँपालिकामा वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई गाउँपालिकाबाट स्विकृत भए बमोजिमको न्यूनतम तलब स्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने/गराउने ।

(५) संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त स्वास्थ्य सेवा समन्वय समितिको निर्देशन पालना गर्ने ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. संञ्चालन तथा व्यवस्थापन समितिको पदाधिकारी र सदस्य हुन नसक्ने :**

देहायको व्यक्ति संञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(१) गैर नेपाली नागरिक,

(२) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधी बाहेक),

(३) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

**२५. राजीनामा स्वीकृत गर्ने :**

(१) संञ्चालन तथा व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले स्वीकृत गर्नेछ ।

(२) अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा संञ्चालन तथा व्यवस्थापन समितिको उपाध्यक्षले स्वीकृत गर्नेछ ।

**२६. स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति विघटन :**

देहायका अवस्थामा गाउँ कार्यपालिकाले स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सक्नेछ -

(१) स्वास्थ्य संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(२) स्वास्थ्य संस्थाको शैक्षिक वातावरण खल्बल्याएमा,

(३) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(४) स्वास्थ्य संस्थाको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा,

(५) सम्वन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटकपटक उलंघन गरेमा,

**२७. स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति विघटन प्रकृया :**

(१) कुनै पनि स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिले नियम २६ मा उल्लेखित कार्यहरु गरे गराएमा वा तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी वडा समितिबाट सिफारिस भई आएमा वा गाउँ स्वास्थ्य सेवा समन्वय समितिले कारण सहित कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई गाउँ कार्यपालिका बैठकले कुनैपनी समयमा स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यारजुङा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन नभएसम्म स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको काम सम्बन्धित वडा समितिबाट हुनेछ ।

## परिच्छेद -६
## दरवन्दी मिलान, शैक्षिक योग्यता, पदपुर्ती छनोट समिति, नियुक्ति र सरुवा

**२८. दरबन्दी मिलान:**

आवश्यक मापदण्ड निर्धारण गरी स्वास्थ्य सेवा समन्वय समितिको सिफारिशमा कार्यपालिकाले दरबन्दी मिलान गर्नेछ ।

**२९. शैक्षिक योग्यता:**

(१) स्वास्थ्य संस्था कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) गुणस्तर सुधार तथा व्यवस्थित सेवाका लागि स्वास्थ्य सेवा समन्वय समितिले नियम (१) मा उल्लेख भएको सहित थप योग्यता निर्धारण गर्न सक्नेछ ।

(३) उपनियम (२) वमोजिम गर्न करार नियूक्तिका लागि आवेदन दिने सुचना प्रकाशित गर्नु पूर्व स्वास्थ्य सेवा समन्वय समितिको निर्णयमा थप योग्यता निर्धारण गरेको हुनु पर्नेछ ।

**३०. पदपुर्ती :**

(१) गाउँपालिका भित्र रहेको स्वीकृत स्थाई दरवन्दीको पदपुर्ती संघीय तथा प्रदेश लोकसेवाले सिफारिस गरेकोबाट वा अन्यत्रबाट सरुवा भई आउने कर्मचारीबाट हुनेछ ।

(२) लोकसेवा आयोगबाट सफल भई सिफारिस भएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले स्थायी नियुक्ति दिई वा पदस्थापना गराई काममा लगाउनेछ ।

(३) अन्यत्रबाट सरुवा भई आएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य संस्था तोकी पद अनुसारको काममा लगाउनेछ ।

(४) गाउँपालिका भित्र रहेको स्वीकृत स्थायी दरवन्दी रिक्त रहेकोमा संघीय तथा प्रदेश लोकसेवाबाट सिफारिस भई आएमा वा अन्यत्रबाट स्थायी कर्मचारी सरुवा भई आएमा स्वतः हट्ने गरी तोकिएको कार्य प्रकृया अनुसार गाउँपालिकाले करारमा नियूक्ति गर्न सक्नेछ ।

(५) गाउँपालिका भित्र रहेको स्वीकृत अस्थायी, करार दरवन्दी वा कार्यपालिकाले सृजना गरेको अन्य दरवन्दी रिक्त रहेकोमा अर्को व्यवस्था नभए सम्मको लागि बढिमा आर्थिक वर्षको अन्त्यसम्मका करारमा नियूक्ति गर्न सक्नेछ ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याङ्डाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

३१. परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समिति :

(१) स्वास्थ्य संस्थामा पदरिक्त भएमा करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णयमा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको ठोरी गाउँपालिका परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिले गर्नेछ ।

(२) ठोरी गाउँपालिका परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिले करार नियूक्तिको लागि सिफारिस गर्दा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ बमोजिमको प्रकृया पुरा गर्नेछ ।

(३) सेवा आयोगले कर्मचारी छनौट गर्ने सम्बन्धमा कुनै मापदण्ड वा कार्यविधि जारी गरेमा ठोरी गाउँपालिका परिक्षां तथा अन्तर्वार्ता र सूचिकरण समितिले त्यस्तो मापदण्ड वा कार्यवधिको पालना गर्नु पर्नेछ ।

(४) ठोरी गाउँपालिका परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिको बैठक सम्बन्धी अन्य विधि प्रकृया सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) ठोरी गाउँपालिका परिक्षा तथा अन्तर्वार्ता र सूचिकरेण समितिको सचिवालय ठोरी गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

३२. करारमा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः

(१) स्वास्थ्य संस्थाको स्वीकृत दरवन्दीमा पद रिक्त भएमा स्वास्थ्य संस्था प्रमुखले पद रिक्त भएको जानकारी सहित पदपुर्तीको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त हुनासाथ स्वास्थ्य शाखाले स्थायी दरवन्दी रिक्त भएकोमा गाउँपालिकामा पुल दरवन्दीमा उपलब्ध भएमा तत्काल सम्बन्धित स्वास्थ्य संस्थामा सरुवा गरी पठाउने छ ।

(३) उपनियम (२) अनुसार नभएमा गाउँपालिकाले पदपुर्तीको लागि सेवा आयोग र अन्य सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(४) स्वीकृत दरवन्दीमा स्थायी पदपुर्ती हुन नसकी तत्काल करारमा नियुक्ति गर्नु पर्ने भएमा वा अन्य दरवन्दी रिक्त भई करारमा नियूक्ति गर्नु पर्ने भएमा सेवा आयोग वा ठोरी गाउँपालिका परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिले करार सूची प्रकाशित गरेको प्राप्त भएमा सूचीमा रहेका उम्मेदवार मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष स्तरीय निर्णयबाट योग्यताक्रम अनुसार छनोट गरी बढीमा आर्थिक वर्षको अन्त्यसम्मका लागि करारमा नियुक्ति गरी रिक्त पदपुर्ती गर्न सकिनेछ ।

(५) उपनियम (४) अनुसार हुन नसकेमा वा हुन नसक्ने भएमा स्वास्थ्य सेवा समन्वय समितिको निर्णयमा ठोरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७५ को व्यवस्था अनुसार ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा व्यवस्था भएको परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिले छनोट प्रकृया पुरा गरी करार सूची प्रकाशित गरी प्रतिवेदन सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्यारसडाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(६) परिक्षा तथा अन्तर्वार्ता र सूचिकरण समितिले उपनियम (५) बमोजिम गरी पेश गरेको प्रतिवेदनका आधारमा स्थायी दरवन्दी भए स्थायी पदपुर्ती भएमा स्वतः हट्ने गरी वढीमा आर्थिक वर्षको अन्तसम्म र अन्य भएमा वढीमा आर्थिक वर्षको अन्तसम्मको लागि प्रमुख प्रशासकीय अधिकृतले नियूक्ति गरी सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनेछ ।

(७) उपनियम (६) बमोजिम नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय गाउँ कार्यपालिका र सम्बन्धित स्वास्थ्य संस्था समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना सम्वन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको Website मा समेत राख्ने व्यवस्था मिलाइनेछ ।

(८) उपनियम (७) बमोजिमको सुचनाका आधारमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुमति पत्र, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(९) उपनियम (८) अनुसार निबेदन दिने उम्मेदवार संघीय तथा प्रदेश कानूनले कायम गरेको उमेर हद ननाघेको हुनुपर्नेछ ।

(१०) गाउँपालिकाले यस नियम बमोजिम करारमा कर्मचारी नियुक्त गरेको जानकारी सम्बन्धित निकायहरुलाई दिनु पर्नेछ, स्वास्थ्य शाखाले सो को अभिलेख राख्नेछ ।

(८) गाउँपालिकाबाट करार नियूक्ति गरी पठाईएको कर्मचारीलाई हाजिर गराई काममा लगाउने, सो को जानकारी र माग भएका अन्य सुचना एंव जानकारी गाउँपालिकामा पठाउने जिम्मेवारी सम्वन्धित स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

**३३. करारमा नियूक्त कर्मचारीको म्याद, म्याद थप थप तथा अवकाश.**

(१) यस नियमावली तथा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करारमा नियूक्ति भएको कर्मचारीको सेवा अवधी करार संझौतामा तोकिएको अवधी सम्म मात्र हुनेछ । करार संझौतामा तोकिएको अवधी समाप्त भए पश्चात स्वत अवकास भएको मानिनेछ ।

(२) यस नियमावली तथा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करारमा नियूक्ति भएकाहरुलाई करार अवधी समाप्त हुनुपुर्व गाउँपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ ।

(३) उपनियम (२) अनुसार हटाउनु परेमा प्रमुख प्रशासकीय अधिकृतले उचित कारण सहित करार संझौता खारेज गरीएको जानकारी सम्बन्धितलाई दिनु पर्नेछ ।

(४) रिक्त पदमा करार संझौताद्धारा पदपुर्ती भएकोमा उक्त पदमा स्थायी कर्मचारी हाजिर भई पदपुर्ती भएमा करार संझौतामा जुनसुकै कुरा लेखिएको भएता पनि निज सोही मितिबाट अवकास भएको मानिनेछ ।

(५) स्थाई दरवन्दीको पदमा पदरिक्त भई उक्त पदमा करारमा नियूक्ति भएको कर्मचारीको करार अवधी समाप्त हुदासम्म पनि रिक्त पदमा स्थायी पदपुर्ति नहुने भएमा उपनियम (१) अनुसार

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्यारीटाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर अध्यक्ष

हुनुपुर्व नै कार्यरत करार कर्मचारीले गरेका कार्यसम्पादनलाई स्वास्थ्य शाखाले मुल्याङ्कन गरी उपयूक्त देखिएमा स्थाई कर्मचारी हाजिर भएर पदपुर्ती भएमा सोही दिनबाट पदमुक्त हुने गरी बढीमा अर्को आर्थीक मसान्त सम्मको लागि करारको म्याद थप गर्न सक्नेछ ।

(६) अस्थाई, करार, स्वयमसेवक, दरवन्दीको पदमा पदरिक्त भई उक्त पदमा करारमा नियूक्ति भएको कर्मचारी उपनियम (१) अनुसार हुनुपुर्व नै गाउँपालिकाले आवश्यक ठानेर गरेका कार्यसम्पादनलाई स्वास्थ्य शाखाले मुल्याङ्कन गरी उपयूक्त देखिएमा बढीमा अर्को आर्थीक मसान्त सम्मको लागि करारको म्याद थप गर्न सक्नेछ ।

(७) उपनियम (५) वा (६) अनुसार म्याद थप गर्दा गाउँपालिका अध्यक्ष स्तरिय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले अवधि तोकेर करार संझौताबाट म्याद थप पत्र दिनेछ ।

(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस नियमावली तथा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करारमा नियूक्त कर्मचारीको म्याद थप वा करार खारेजी लगायत विषयमा निर्णय लिने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

(९) करार सेवा अवधीं समाप्त हुनु पुर्व नै म्याद थप भएको जानकारी प्राप्त भएको कर्मचारीलाई मात्र सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले हाजिर गराई काममा लगाउनेछ ।

(१०) उपनियम (९) विपरीत कर्मचारी हाजिर गराई काममा लगाएमा त्यस्तो कर्मचारीको लागि तलब भत्ता बापत हुने तथा भएको खर्च रकम त्यसरी हाजिर गराई काममा लगाउने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

**३४. जानकारी दिनु नपर्ने:**

यस नियमावली तथा ठोरी गाउँपालिका करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम करार सम्झौताद्धारा नियूक्ति भएका कर्ममचारीको करार सेवा अवधी समाप्त हुनुपुर्व म्याद थप नभएको अवस्थामा स्वःत अवकाश हुने भएकोले सेवा समाप्ती वा अवकाश बारेमा कुनै जानकारी दिई रहनु पर्नेछैन ।

**३५. गाउँपालिका भित्र सरुवा सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका भित्र एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा तह तथा विषय मिल्ने दरवन्दी भित्र प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्र सरुवा हुन चाहने कर्मचारीले सरुवाको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) सरुवा सामन्यतया कर्मचारीको माग र सहमतीका आधारमा हुनेछ । तर गाउँपालिकाले उपयूक्त ठानेमा कर्मचारीको माग र सहमति विना सरुवा तथा काज सरुवा गर्न सक्नेछ ।

(४) सरुवा स्थायी कर्मचारीको मात्र गरिनेछ । तर गाउँपालिकालाई आवश्यकता महसुस भएका आधारमा करार कर्मचारीहरुलाइ अर्को व्यवस्था नभएसम्मका लागि एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा काज सरुवा गर्न सक्नेछ ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(५) स्वास्थ्य संस्थाका कर्मचारीको सरुवा सामान्यतया आर्थिक वर्ष समाप्त भएको ३ (तिन) महिना भित्र गरिनेछ । तर आवश्यकताका आधारमा गाउपालिका अध्यक्ष स्तरिय निणयमा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै वखत पनि सरुवा तथा काज सरुवा गर्न सकिनेछ ।

(६) कुनैपनि कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको स्वास्थ्य संस्थामा वा एउटा विषय वा पदको कर्मचारी अर्को विषय वा पदमा सरुवा गरिनेछैन ।

(७) उपनियम (६) विपरीत सरुवा गरेमा त्यस्तो कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(८) कर्मचारी सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**३६. सरुवाका आधार**

(१) एउटा स्वास्थ्य संस्थामा आवश्यकता भन्दा बढी एकै विषयका कर्मचारी भएमा,

(२) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी भएमा,

(३) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै कर्मचारीलाई सो स्वास्थ्य संस्थामा राखिरहँदा स्वास्थ्य संस्थाको शैक्षिक वातावरण खल्वलिएको वा खल्वलिन सक्ने ब्यहोरा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(४) उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य स्वास्थ्य संस्थामा उपयोग गर्न आवश्यक देखिएमा,

(५) विषय र पद मिल्ने कर्मचारीले सहमतिमा एक अर्काको ठाउँमा सरुवा वा काज सरुवाको लागि निवेदन दिएमा,

(६) गाउँपालिकालाई कुनैपनी कर्मचारीलाई सरुवा वा काज सरुवा गर्न गराउन उपयूक्त लागेमा,

**३७. सरुवा सम्वन्धी अन्य विषय**

(१) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको कर्मचारीलाई निजको सहमती विना एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा गरिने छैन ।

(२) सरुवा वा काज सरुवा गर्दा साधारणतया अपाङ्गता भएका कर्मचारीलाई संम्भव भएसम्म पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(३) सरुवा गर्दा सामान्यतया लामो अवधि एकै स्वास्थ्य संस्थामा बसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) सरुवा भएको एक्काइस दिनभित्र स्वास्थ्य संस्था प्रमुखले सम्बन्धित कर्मचारीलाई अनुसूची -५ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित स्वास्थ्य संस्था र स्वास्थ्य शाखा समेत दिनु पर्नेछ ।

धोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ध्याङ्गडाँडा, धनुषा मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(५) काज सरुवा हुदा संभव भएसम्म तत्कालै र ढिलोमा एक हप्ता भित्र तोकिएको स्वास्थ्य संस्था वा कार्यालयमा हाजिर भई सक्नु पर्नेछ ।

**३८. अन्तर स्थानीय तह कर्मचारी सरुवा सहमति :**

(१) अन्तर स्थानीय तह वा अन्य स्वास्थ्य कार्यालय सरुवा हुन चाहने कर्मचारीले सरुवाको लागि अनुसूची-६ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्तर स्थानीय तह वा अन्य स्वास्थ्य कार्यालयमा सरुवाको लागि निवेदन दिने कर्मचारीलाई सरुवा भई जान चाहेको स्वास्थ्य संस्था वा कार्यालय र सोसँग सम्बन्धित पालिका वा कार्यालय तथा आफु सेवारत स्वास्थ्य संस्था र स्वास्थ्य शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ ।

(३) यस नियमको प्रयोजनको लागि गाउँपालिकाले प्रत्येक महिनामा रिक्त रहेका कर्मचारीहरुको पद संख्या एकिन गरी प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ । तर ,यस नियमावलीमा सरुवा गर्ने मापदण्ड विपरित हुने गरी सरुवा सहमति दिइने छैन ।

## परिच्छेद -७

## स्वास्थ्य संस्था प्रमुखको जिम्मेवारी तथा काम, कर्तव्य र अधिकार

**३९. स्वास्थ्य संस्था प्रमुख सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक स्वास्थ्य संस्थामा गाउँपालिकाले स्वीकृत गरे बमोजिम एक जना स्वास्थ्य संस्था प्रमुखको दरबन्दी रहनेछ ।

(२) कार्यरत कर्मचारी मध्येबाट जेष्ठता, कार्यदक्षता र कार्ययोजनाका आधारमा गाउँ स्वास्थ्य सेवा समन्वय समितिले निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक स्वास्थ्य संस्थाको प्रमुख तोक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वास्थ्य संस्था प्रमुखको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिए बमोजिमको ढाँचामा स्वास्थ्य संस्था विकासको प्रस्ताव लिई सोही आधारमा स्वास्थ्य संयोजकसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक स्वास्थ्य संस्थाको प्रमुखलाई स्वास्थ्य सेवा समन्वय समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखत हटाउन सक्नेछ:–

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) स्वास्थ्य संस्थाको चल अचल सम्पत्ति हिना मिना गरेमा,

(ङ) निजले स्वास्थ्य संस्था प्रमुख हटाई दिन लिखित अनुरोध गरेमा,

(५) सामुदायिक स्वास्थ्य संस्थाको प्रमुखलाई उपनियम (४) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा स्वास्थ्य संयोजकले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

जाँचबुझ गरी गराई प्रतिवेदन तयार गर्नेछ र त्यस्तो प्रतिवेदनबाट स्वास्थ्य संस्था प्रमुखलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन स्वास्थ्य सेवा समन्वय समिति समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम स्वास्थ्य संस्था प्रमुखलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(७) बहालबाला कर्मचारीमध्येबाट छनौट भएको स्वास्थ्य संस्था प्रमुखलाई उपनियम (४) को खण्ड (क) वा (ख) वा (घ) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी स्वास्थ्य संस्थाले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई स्वास्थ्य संस्था प्रमुखको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ । तर उक्त प्रकृया र नियूक्तिको जानकारी स्वास्थ्य शाखालाई जानकारी गराएको हुनु पर्नेछ

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत स्वास्थ्य संस्था प्रमुख उपनियम (२) बमोजिम अर्को स्वास्थ्य संस्था प्रमुख नियुक्ति नभएसम्म पदमा कायमै रहन सक्नेछ ।

**४०. स्वास्थ्य संस्था प्रमुखको काम, कर्तव्य र अधिकार :**

स्वास्थ्य संस्था प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) स्वास्थ्य संस्थामा उचित वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(२) कर्मचारीहरूसँग समन्वय गरी पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(३) स्वास्थ्य संस्थामा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(४) स्वास्थ्य संस्थाको प्रशासनीक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(५) स्वास्थ्य संस्थामा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(६) कुनै कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले स्वास्थ्य संस्थालाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गराउने प्रकृया गर्ने,

(७) स्वास्थ्य शाखा तथा संञ्चालन तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने/गराउने,

(८) स्वास्थ्य संस्थाको प्रगति विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र प्रमाणित गराई स्वास्थ्य शाखामा पठाउने,

(९) कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्वास्थ्य शाखा तथा संञ्चालन तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(१०) कर्मचारीलाई सजाय वा पुरस्कार कारवाही सम्बन्धमा संञ्चालन तथा व्यवस्थापन समिति तथा स्वास्थ्य शाखामा सिफारिस गर्ने,

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(११) गाउँ कार्यपालिकाबाट नियुक्ति सरुवा तथा काज सरुवा एवं पदस्थापन भई आएका कर्मचारीलाई हाजिर गराई विषय र तह अनुसारको जिम्मेवारीमा खटाउने,

(१२) स्वास्थ्य संस्था भवन तथा हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(१३) स्वास्थ्य संस्थाको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई संञ्चालन तथा व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने/गराउने,

(१४) कर्मचारीलाई तालिममा पठाउन संञ्चालन तथा व्यवस्थापन समितिबाट अनुमोदन गराई स्वास्थ्य शाखा तथा सम्बन्धित निकायमा पठाउने,

(१५) स्वास्थ्य संस्थाको नेतृत्व गर्ने, प्रवर्धनात्मक कार्य गर्ने ।

## परिच्छेद -८

## बिदा तथा काज सम्बन्धी व्यवस्था

**४१. स्वास्थ्य संस्थाका कर्मचारीले पाउन सक्ने बिदा:**

कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउन सक्नेछन :

(१) भैपरी आउने बिदा वर्षमा छ दिन ।

(२) पर्व बिदा वर्षमा छ दिन ।

(३) बिरामी बिदा वर्षमा बाह्र दिन ।

(४) घर विदा वर्षमा तिस दिन

(५) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी अन्ठानब्बे दिन ।

(६) प्रसूती स्याहार बिदा पन्ध्र दिन, (जम्मा दुई पटक)

(७) किरिया बिदा पन्ध्र दिन, (किरिया बस्नु परेमा)

(८) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(९) अध्ययन बिदा कर्मचारीको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(१०) वेतलवी बिदा बढीमा पाँच वर्ष ।

**४२. विदा सम्वन्धी व्यवस्था**

(१) भैपरी आउने, पर्व बिदा, विरामी बिदा, घर बिदा वार्षिक रुपमा गणना गरिनेछ ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यी बिदाहरु बार्षिक रुपमा उपयोग गर्नुपर्नेछ । अर्को वर्षको लागि सञ्चित हुने छैन ।

(३) स्थायी कर्मचारीले घर विदा र बिरामी बिदा सञ्चित गर्न सक्नेछ । कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा स्वस्थ्य संयोजकबाट प्रमाणित गराई राख्नुपर्नेछ । कुनै व्यहोराले कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ध्याङ्डाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

(४) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट अपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी कर्मचारीले घर विदा लिने र सोबाट समेत नपुगेमा पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ। यसरी पेश्की बिदा लिएको कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ।

(५) सञ्चित घर बिदा वा बिरामी बिदाको रकम लिन नपाउँदै स्थायी कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ।

(६) कुनै पुरुष कर्मचारीको पत्नी प्रसूती हुने भएमा त्यस्तो कर्मचारीले प्रसूतीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार बिदा पाउनेछ। प्रसूती स्याहार बिदा बसेको कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ।

(७) कुनै कर्मचारीले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो कर्मचारीको बाबु आमा, बाजे बज्यै, छोरा छोरी वा विवाहित महिला कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष कर्मचारीको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ। महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीले पनि किरिया बिदा पाउनेछ।

(८) यस नियम बमोजिम किरिया बिदा लिने कर्मचारीले स्वास्थ्य संस्थामा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेश गर्नु पर्नेछ। यस्तो प्रमाणपत्र र प्रमाण पेश नगर्ने कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ।

(९) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन।

(११) स्थायी सेवा पाँच वर्ष पुगेको कर्मचारीलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि तलब सहितको अध्ययन बिदा दिन सकिनेछ।

(१२) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा कार्यपालिकाले संघीय कानूनमा तोकिए बमोजिम प्रकृया र संख्याको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ।

(१३) वेतलवी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(१४) असाधारण र बेतलबी बिदामा बसेको कर्मचारीले तलब पाउने छैन।

(१५) बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ।

(१६) यस नियमावलीमा भएको बाहेक बिदा सम्वन्धि अन्य व्यवस्था संघीय तथा प्रदेश कानूनमा उल्लेख भए अनुसार हुनेछ।

(१७) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि करार कर्मचारीको हकमा विदा, तथा बिदा सुविधा करार संझौतामा उल्लेख भएकोमा सोहि अनुसार हुनेछ। करारमा उल्लेख नभएका कुराहरुमा सुविधा दिन गाउँपालिका बाध्य हुनेछैन।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**४३. अध्ययन बिदा तथा वेतलवी बिदा स्विकृती :**

अध्ययन बिदा तथा वेतलवी बिदा स्विकृती सघीय तथा प्रदेश कानूनले व्यवस्था गरेको विधि प्रकृया र मापदण्ड अनुसार हुनेछ ।

**४४. बिदा दिने अधिकारी:**

गाउँपालिकाले सञ्चालन गरेका स्वास्थ्य संस्थाका कर्मचारीको बिदा स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

**४५. अन्य काममा लगाउन नहुने:**

(१) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४६. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने:**

नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र नियम ४५. को उपनियम (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका र वेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना समेत हुनेछैन ।

**४७. काज तथा दैनिक भ्रमण भत्ता:**

(१) कामको सिलसिलामा गाउँपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

(२) स्वास्थ्य संस्थाको कामको लागि वा कर्मचारीको क्षमता विकासका लागि प्रमुख प्रशासकीय अधिकृतको लिखित स्विकृतीमा बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

(३) उपनियम (२) भन्दा वढीको काज स्वीकृत कार्यपालिकाको निर्णयले हुनेछ ।

(४) सरुवा भएको कर्मचारीलाई सरुवा भएको स्वास्थ्य संस्थामा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउनेछ । तर आफ्नो स्वेच्छाले सरुवा भई जाने र गाउँपालिका भित्र सरुवा हुने कर्मचारीले यस उपनियम बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

(५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि करार कर्मचारीको हकमा काज तथा अन्य सुविधा सम्वन्धमा करारनामामा उल्लेख भएकोमा सोहि अनुसार हुनेछ । करारमा उल्लेख नभएका कुराहरुमा सुविधा दिन गाउँपालिका बाध्य हुनेछैन ।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पर्सा
घ्याङडाँडा, मधेश प्रदेश, नेपाल
२०७८

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

४८. **स्वास्थ्य संस्था कर्मचारी सजाय सम्बन्धी व्यवस्था :**
कर्मचारी तथा स्वास्थ्य संस्था कर्मचारी सजाय सम्बन्धी अन्य व्यवस्था संघीय कानुनले व्यवस्था गरे वमोजिम हुनेछ ।

## परिच्छेद -९
## स्वास्थ्य संस्थाको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्थाः

४९. **स्वास्थ्य संस्थाको सम्पत्तिको सुरक्षा :**

(१) स्वास्थ्य संस्थाको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व संञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको नाममा रहेको उपनियम (१) वमोजिमको सम्पत्तिको विवरण गाउँपालिकामा पठाउनु पर्नेछ र सो को लगत संकलन तथा अध्यावधिक गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) सामुदायिक स्वास्थ्य संस्थाको नाममा रहेको सम्पत्तिको अध्यावधिक गर्नेकार्य स्वास्थ्य शाखाले गर्नेछ ।

(४) कुनैपनि बहानामा स्वास्थ्य संस्थाको नामको जग्गा बिक्री वा धितो राख्न तथा व्यक्ति विशेषको नाममा सटापटा गर्न पाइने छैन ।

५०. **स्वास्थ्य संस्थाको सम्पत्ति :**

(१) सामुदायिक स्वास्थ्य संस्था र शैक्षिक गुठीको रूपमा सञ्चालित स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाको अचल सम्पत्ति स्वास्थ्य संस्थाको नाममा रजिष्ट्रेशन पारित गर्नु पर्नेछ ।

(२) कम्पनीको रूपमा सञ्चालित संस्थागत स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाको अचल सम्पत्ति कम्पनीको स्वामित्वमा राख्नुपर्नेछ ।

५१. **स्वास्थ्य संस्थाको कामको सामाजिक परीक्षण :**
स्वास्थ्य संस्थाले आवधिक रुपमा तोकिए बमोजिम आफ्नो कामको सामाजिक परीक्षण गराउनु पर्नेछ ।

५२. **बरबुझारथ गर्ने :**

(१) स्वास्थ्य संस्थाको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको कर्मचारी सरुवा वा अन्य कारणबाट स्वास्थ्य संस्था छोडी जाने भएमा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी मालसामानको बरबुझारथ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बरबुझारथ नगर्ने कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको कार्यालय जान रमानापत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असूल उपर गरिनेछ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्याङ्डाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर थोकर
अध्यक्ष

५३. **कर्मचारीको तलब, भत्ता, अन्य सुविधा**

कर्मचारीको तलब, भत्ता, अन्य सुविधा, निवृत्तीकरण, उपचार खर्च, उपदान, अवकाश, सजाय सम्बन्धी व्यवस्थाहरु नियूक्तिपत्रमा वा करार संझौतामा वा यस नियामावलीमा समावेश भएमा सोही अनुरुप र उल्लेख नभएकोमा स्थायी कर्मचारीको हकमा संघीय कानून अनुसार र करार कर्मचारीको हकमा कार्यपालिकाले गरेको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद -१०
## विविध

५४. **गोपनीयता राख्नु पर्ने:**

कुनै पनि कर्मचारीले पदमा बहाल रहँदा गरेको काममा गोपनियता राख्नुपर्ने विषयमा पदमा बहाल रहेको अवधीमा वा पदमा नरहेको अवस्थामा समेत अधिकार प्राप्त अधिकारीलाई बाहेक अन्य कसैलाई कुनै किसिमले जानकारी दिन वा प्रकट गर्न हुदैन । तर, प्रचलित कानूनले गोप्य राख्न नपर्ने भनी तोकिएका विषयमा जानकारी दिन यस नियमले वाधा पुऱ्याएको मानिनेछैन ।

५५. **सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हनेछ ।

(२) उपनियम (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुर्नेछ । भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदां सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीको कर्तव्य हुर्नेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

५६. **थपघट, हेरफेर वा संशोधन:**

(१) कार्यपालिकाले यस नियमावलीलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपनियम (१) बमोजिम थपघट वा हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीको लागि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, घ्याङडाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

५७. **कार्यविधी, मापदण्ड बनाउन सक्ने**

प्रचलित ऐन र यस नियमावलीको अधिनामा रही स्वस्थ्य सेवा समन्वय समितिको सिफारिसमा कार्यपालिकाले कार्यविधी, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५८. **व्याख्या :**

यस नियमावली अनुसार गर्दा कुनै दुविधा परेमा वा देहोरो अर्थ लागेमा प्रचलित कानून अनुसार कार्यपालिकाको व्यवख्या अन्तिम हुनेछ ।

५९. **खारेजी**

यस नियमावलीको कुनै नियम उपनियम ठोरी गाउपालिका स्वास्थ्य सेवा ऐन तथा प्रचलित अन्य कानून संग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ ।

६०. **यसै बमोजिम भए गरेको मानिने :**

यो नियमावली स्वीकृत भई लागु हुनु पूर्व सम्पादन भएका कार्यहरु यसै नियमावली अनुरुप भए गरेको मानिनेछ ।

**प्रमाणित गर्ने**

हस्ताक्षर ..........................

**लाल बहादुर श्रेष्ठ**
**अध्यक्ष**

नामः- लाल बहादुर श्रेष्ठ

पदः- अध्यक्ष, ठोरी गाउँपालिका

पारित मितिः- २०७९/०३/२९

प्रमाणित मितिः- २०७९/०३/३०

प्रमाणित कानून पाना (पेज) सख्यः- २५ (पच्चीस) अनुसूची बाहेक

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यारसौंडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७६

## अनुसूची -१
### (नियम ३ सँग सम्बन्धित)
### स्वास्थ्य संस्था खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ठोरी गाउँपालिका,
घ्याङ्गडाँडा, पर्सा ।

विषय : स्वास्थ्य संस्था खोल्ने अनुमति सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित स्वास्थ्य संस्थाको :

१. नाम:

२. ठेगाना: ………………ठोरी गाउँपालिका. ………….. वडा नं. …………..
फोन: ………………. फ्याक्स नं. …………………………….

३. किसिम:

(१) सामुदायिक (२) निजी (अ) कम्पनी (आ) निजी गुठी (इ) सार्वजनिक गुठी

४. अनुमति लिन चाहेको सेवाक्षेत्र:

५. भविष्यमा विस्तार गरिने सेवाक्षेत्र:

(ख) प्रस्तावित स्वास्थ्य संस्थाको लागि पूरा गरिएको भौतिक पूर्वाधार :
(संघीय कानूनमा तोकिए अनुसारको के के तयार गरिएको छ उल्लेख गर्ने)

(ग) कर्मचारी संख्या: (प्रस्तावित)

(घ) आर्थिक विवरण: (प्रस्तावित)

१. अचल सम्पत्ति:

२. चल सम्पत्ति:

३. वार्षिक आम्दानी:

४. आम्दानीको स्रोत:

माथि लेखिएका विवरण हरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको-
सही:
नाम:
ठेगाना:
मिति:

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**संलग्न गर्नु पर्ने कागजातहरु :**

(१) कम्पनी वा गुठी अन्तर्गत स्वास्थ्य संस्था सञ्चालन गर्ने भए दर्ता प्रमाण र प्रवन्धपत्र वा विधानको प्रतिलिपि ।

(२) जग्गा वा भवन भाडामा लिने भए दैनिक सेवा दिने प्रकृतीको भए कम्तीमा दुई वर्षसम्मको लागि र आवाशिय उपचार लगायतको सेवा दिने प्रकृतीको भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) बिरामी उपचारको लागि १० बेड भन्दा बढीको अस्पताल भए वातावरणिय सामाजिक प्रभाव मुल्याङ्कन र सधियारहरुको सहमती ।

(४) संञ्चालन व्यवस्थापन कार्य योजना ।

(५) सम्बन्धित वडा समितिको सिफारिस ।

(६) स्वास्थ्य शाखाबाट तोकिएका अन्यकागजात तथा प्रमाणहरु ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची -२
**(नियम ५ को उपनियम (६) सँग सम्बन्धित)**

ठोरी गाउँपालिका
गाउँ कार्यपाकिको कार्यालय
घ्याङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल

मिति:

अनुमति नं.:

श्री.............................

...............................।

विषय : अनुमति प्रदान गरिएको बारे।

स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय खोल्ने सम्बन्धमा त्यस स्वास्थ्य संस्थाबाट मिति............................मा प्राप्त निवेदन उपर कारबाही हुँदा ठोरी गाउपालिका स्वास्थ्य सेवा नियमावली, २०७९ को नियम ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएको उक्त नियमावलीको नियम ५. को उपनियम (६) बमोजिम ......................... स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्न यो अनुमति दिइएकोछ।

अनुमति प्रदान गर्ने अधिकारीको,-
सही :
नाम :
पद :
मिति :

१. प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को ३५ दिन भित्र बुझाई नविकरण गर्नुपर्नेछ।
२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा तोकिएको प्रकृया पुरा गरी पूर्व स्वीकृती लिनुपर्नेछ।
३. व्यवसाय बन्द गर्नु परेमा व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ। अन्यथा व्यवसाय चालु नै रहको मानी साल बसाली रुपमा कर लाग्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ।
५. कुनै पनि बहानामा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाइएं मा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।
६. उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व सम्वन्धित सञ्चालकको हुनेछ।
७ गाउँपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु कर्तव्य हुनेछ।
८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो अनुमती रद्द गरी स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय बन्द समेत गर्नसक्नेछ।
९. यो प्रमाणपत्र गाउँपालिकाको नियम अनुसार जारी गरिएको हो। स्वास्थ्य संस्था स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर गर्नुपर्नेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७६

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

नविकरणको विवरण

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | रसिद नं | नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... आषढ मसान्त सम्म | | | | | |
| ...... - आषढ मसान्त सम्म | | | | | |

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा मधेश प्रदेश, नेपाल २०७५

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

अनुसूची -३
(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)
स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसायको स्वीकृतीको लागि दिइने निवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ठोरी गाउँपालिका,
घ्याङ्गडाँडा, पर्सा ।

विषय: स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसायको स्वीकृती सम्वन्धमा ।

गाउँपालिकाले मिति ……… अनुमती नं. ……… बाट अनुमति पाई खोलिएको यस स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसायको स्वीकृती पाउन निम्न विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

(क) स्वास्थ्य संस्थाको :

१. नाम : ……….

२. ठेगाना : ठोरी गाउँपालिका वडा नं. ….. ……………….. पर्सा

३. अनुमति प्राप्त गरेको मिति :

४. अनुमति प्राप्त नम्बर :

(ख) स्वास्थ्य संस्थाको भौतिक अवस्था : (संघीय कानून बमोजिमको मापदण्ड पुगेको हुनु पर्नेछ)

(घ) कर्मचारीको संख्या :

(ङ) आर्थिक स्थिति:

१. अचल सम्पत्ति

२. चल सम्पत्ति

३. वार्षिक आम्दानी

४. आम्दानीको स्रोत

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संस्थाको तर्फबाट निवेदकको-
सही:
नाम :
ठेगाना :
मिति :
छाप :

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४ ३०

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**अनुसूची -४**

**(नियम ६ को उपनियम (४) सँग सम्बन्धित)**

स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसायको स्वीकृती सम्बन्धमा

ठोरी गाउँपालिका
गाउँ कार्यपाकिको कार्यालय
घ्याङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल

मितिः

स्विकृती नं.:

श्री......................स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय,
..................................।

त्यस स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसायबाट मिति.................................मा स्वास्थ्य संस्था स्वीकृत गर्ने सम्बन्धमा दिएको निवेदन उपर कारबाही हुंदा स्वास्थ्य सेवा नियमावली, २०७९ को नियम ६ बमोजिमका शर्तहरू पालन गरेको देखिएकोले स्वास्थ्य संस्था/स्वास्थ्य सेवा/व्यवसाय सञ्चालन गर्न स्वीकृती प्रदान गरिएको छ।

स्वीकृती प्रदान गर्ने अधिकारीको,-
सही :
नामः
पदः
मितिः

१. प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को ३५ दिन भित्र बुझाई नविकरण गर्नुपर्नेछ।
२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा तोकिएको प्रकृया पुरा गरी पूर्व स्वीकृती लिनुपर्नेछ।
३. व्यवसाय बन्द गर्नु परेमा व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ। अन्यथा व्यवसाय चालु नै रहको मानी साल बसाली रुपमा कर लाग्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ।
५. कुनै पनि बहानामा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाइए मा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।
६. उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व सम्वन्धित सञ्चालकको हुनेछ।
७ गाउँपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु कर्तव्य हुनेछ।
८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो स्विकृती रद्द गरी स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय बन्द समेत गर्नसक्नेछ।
९. यो प्रमाणपत्र गाउँपालिकाको नियम अनुसार जारी गरिएको हो। स्वास्थ्य संस्था/स्वास्थ्य सेवा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर गर्नुपर्नेछ।

ठोरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

## अनुसूची -५
(नियम ३७ को उपनियम (४) सँग सम्बन्धित)
रमाना पत्र

पत्रसंख्या:
च.नं :
मिति :

श्री ......................
............................... ।

त्यस स्वास्थ्य संस्थामा सरुवा हुनु भएका श्री ..........................................लाई निजको विवरण सहितको रमानापत्र दिई त्यस स्वास्थ्य संस्थामा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. कर्मचारीको नाम, थर :
२. संकेत नम्बर :
३. साविक :
(क) तह : (ख) श्रेणी : (ग) पद :
(घ) कर्मचारी भए विषय : (ङ) स्वास्थ्य संस्था :
४. सरुवा भएको (क) निर्णाय मिति : (ख) सरुवा गर्ने कार्यालय : (ग) तह :
(घ) श्रेणी : (ङ) पद : (च) विषय (छ) स्वास्थ्य संस्था :
५. बरबुझारथ सम्वन्धी विवरण: गरेको नगरेको
६. रमाना लागु मिति : .....................
७. रमानापत्रको मिति सम्म खर्च भएका बिदा :
(क) भैपरी आउने र पर्व बिदा .................. दिन ।
(ख) बिरामी बिदा .................. दिन ।
(ग) प्रसुती बिदा बिदा .................. दिन ।
(घ) प्रसुती स्याहार बिदा .................. पटक ।
(ङ) अध्ययन बिदा .................. दिन ।
(च) असाधारण बिदा .................. दिन ।
(छ) वेतलवी बिदा .................. दिन ।
८. रमानापत्रको मितिसम्म संचित बिरामी बिदा : .................. दिन ।
९. रमानापत्रको मितिसम्म संचित बिरामी बिदा : .................. दिन ।
१०. स्वास्थ्य संस्थामा रुजु हाजिर भएको दिन :
११. खाइपाई आएको मासिक (क) तलब : (ख) वृद्धि रु तलब :
१२. तलब भुक्तानी लिएको अन्तिम मिति :
१३. कर्मचारी संचयकोष कट्टी रकम :
१४ भुक्तानी लिएको उपचार खर्चको रकम :

मिति

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

१५. तलववृद्धि हुन सुरु भएको सुरु मिति :
१६. नागरिक लगानी कोषकट्टी रकम :
१७. आयकर कट्टी रकम :
१८. विमा
(क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल........महिना...... .गते....
(ख) सावधिक जीवन बीसावापत वार्षिक प्रिमियम तिरेके साल.....महिना... गते ....
१९. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने सम्भावित महिना :
२०. शिशुस्याहार भत्ता लिएको विवरण :

बोधार्थ :
श्री कर्मचारी किताबखाना ।
श्री कर्मचारी संचयकोष ।
श्री .......... स्वास्थ्य संस्था ।
श्री .....................(सम्बन्धित कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

## अनुसूची -६
### (नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)
### सरुवा हुन दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ठोरी गाउँपालिका ।
कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा, पर्सा

विषयः सरुवा सम्बन्धमा ।

मलाई निम्न स्वास्थ्य संस्थामा सरुवा गरिदिनु हुन निम्न विवरणहरु खुलाई निवेदन गरेको छु ।

कर्मचारीको नाम, थरः
स्थायी ठेगानाः
तह र श्रेणीः
हालको स्वास्थ्य संस्थाको नाम र ठेगानाः
सरुवा भई जान चाहेको स्वास्थ्य संस्थाको नाम र ठेगानाः
योग्यता र तालिमः
स्थायी नियुक्ति मितिः
हालको जिल्लामा काम गरेको अवधिः
सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको-
सहीः
नामः
कार्यरत स्वास्थ्य संस्थाः
मितिः

(१) सरुवा भई जाने स्वास्थ्य संस्थाको संञ्चालन तथा व्यवस्थापन समितिको सहमति

(क) यस स्वास्थ्य संस्थाका कर्मचारी श्री .................................... लाई संञ्चालन तथा व्यवस्थापन समितिको मिति ......................... को निर्णय अनुसार यस स्वास्थ्य संस्थाबाट सरुवा भई जान सहमति दिइएको छ ।

स्वास्थ्य संस्थाको छाप

संञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षको-
सही :
नाम :
स्वास्थ्य संस्था :
मिति :



लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(ख) ठोरी गाउँपालिका .................... अन्तर्गतको ........................... स्वास्थ्य संस्थाका कर्मचारी श्री ........................... लाई सो स्वास्थ्य संस्थाबाट सरुवा भई जान सहमति दिईएको छ ।

कार्यालयको छाप

स्वास्थ्य संयोजक

सही :

नाम :

मिति :

(२) सरुवा भई आउने स्वास्थ्य संस्थाको संञ्चालन तथा व्यवस्थापन समिति तथा स्वास्थ्य शाखाको सहमति

(क) ................. स्वास्थ्य संस्थाका कर्मचारी श्री ................. लाई संञ्चालन तथा व्यवस्थापन समितिको मिति ........... को निर्णय अनुसार यस स्वास्थ्य संस्थामा सरुवा भई आउन सहमति दिइएको छ ।

स्वास्थ्य संस्थाको छाप

संञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षको-

सही :

नाम :

मिति :

स्वास्थ्य संस्था :

(ख) .................... स्वास्थ्य संस्थाका कर्मचारी श्री ........................... लाई गाउँपालिका अर्न्तरगतको ........... स्वास्थ्य संस्थामा सरुवा भई आउन सहमति दिइएको छ ।

स्वास्थ्य सेवा अधिकारीको-

सही :

नाम :

कार्यालयको छाप

मिति :

**प्रमाणित गर्ने**

हस्ताक्षर ........................

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

नामः- लाल बहादुर श्रेष्ठ

पदः- अध्यक्ष, ठोरी गाउँपालिका

पारित मितिः- २०७९/०३/२९

प्रमाणित मितिः- २०७९/०३/३०

प्रमाणित कानून पाना (पेज) सख्याः- ३५ (पैतिस) अनुसूची सहित

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४